# नेपाल राष्ट्र बैंक
## कानून महाशाखा/वित्तीय जानकारी इकाइको
## प्रेस विज्ञप्ति

गैरकानूनी रूपमा आर्जित सम्पत्तिलाई कानूनी सम्पत्तिको रूपमा शुद्धीकरण गर्ने र आतङ्ककारी कार्यमा वित्तीय लगानी गर्ने जस्ता आपराधिक कार्यहरूले कुनै पनि मुलुकको आर्थिक, समाजिक र कानूनी प्रणालीमा नै नकारात्मक असर पार्ने भएकाले विश्वका हरेक राष्ट्रले यसलाई विशेष प्राथमिकता दिई यस विरुद्ध लड्न सशक्त प्रयास सुरु गरेका छन् । सोही बमोजिम नेपालमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ लागू भई वित्तीय जाँचबुझको काम कारवाही गर्न सो ऐन बमोजिमको वित्तीय जानकारी इकाइ यस बैंकमा स्थापना भएको पहिले नै जानकारी गराइ सकेका छौ । साथै यस्ता आपराधिक कार्यहरूको प्रकृति एकै क्षेत्र, निकाय वा व्यक्तिमा सीमित नरही जहाँसुकैबाट, जसले र जसरी पनि गर्न सक्ने भई बढी नै संवेदनशील भएकाले त्यस्ता कार्यलाई निरुत्साहित तथा नियन्त्रण गरी अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाही गर्न सोसँग सम्बन्धित राष्ट्रिय तथा अर्न्तराष्ट्रिय निकाय एवं संघ/संस्था बीच सूचना तथा जानकारी आदानप्रदान गरी पारस्परिक सहयोगको आधारमा अपराध नियन्त्रण गर्ने अर्न्तराष्ट्रिय मापदण्डसमेत निर्धारण भएका छन् ।

सोही सन्दर्भमा नेपाल राष्ट्र बैंकमा रहेको वित्तीय जानकारी इकाइले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा १० को उपदफा (१) को खण्ड (घ) बमोजिम "सम्पत्ति शुद्धीकरण सम्बन्धमा प्राप्त भएका सूचना, विवरण तथा कागजात अन्य मुलुकका वित्तीय जानकारी इकाइ र अर्न्तराष्ट्रिय संघ/संस्थालाई पारस्परिकताको आधारमा उपलब्ध गराउने र त्यस्तो सूचना सम्बन्धित मुलुक तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त गर्ने" भन्ने व्यवस्था गरेको छ । ऐनको सो व्यवस्था कार्यान्वयन गर्नका लागि अन्य देशका वित्तीय (जाँचबुझ) जानकारी इकाइ बीच आपसी सहमती (Memorandum of Understanding)/(MOU) गर्नुपर्ने भएको र सो कार्य गर्न बंगलादेशको केन्द्रीय बैंकमा रहेको वित्तीय जाँचबुझ इकाइ तत्काल सहमत भएकाले यही सन् २००८ अक्टोवर २१ का दिन उल्लिखित विषयमा सूचना तथा जानकारी आदानप्रदान गर्ने यस बैंकमा रहेको वित्तीय जानकारी इकाइ र बंगलादेशको केन्द्रीय बैंकमा रहेको वित्तीय जाँचबुझ इकाइ बीच नेपालको तर्फबाट पहिलो आपसी सहमती (MOU) पत्रमा हस्ताक्षर भएको र सो सहमतीमा नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाइका तर्फबाट सोका प्रमुख श्री धर्मराज सापकोटा र बंगलादेशको तर्फबाट बंगलादेश बैंक, वित्तीय जाँचबुझ इकाइका प्रमुख श्री मो. अबुल क्वासिमले हस्ताक्षर गर्नुभएको छ ।

यस सहमतीले नेपाल तथा बंगलादेशमा आर्थिक कारोवार गर्दा गैरकानूनी सम्पत्ति शुद्धीकरण गर्ने र आतङ्ककारी कार्यमा वित्तीय लगानी गर्नेजस्ता आपराधिक कार्यहरू विरुद्ध दुई देश तथा यस क्षेत्रमा सामुहिक रूपमा नियन्त्रण गर्ने कार्यको लागि आवश्यक सूचना तथा सहयोग आदानप्रदान गर्न, आपसी समन्वय र सहमती कायम गरी सोसम्बन्धी क्षमता अभिवृद्धि गर्ने र यस्ता अपराध विरुद्ध कानूनी कारवाहीको लागि हुने जाँचबुझ तथा अनुसन्धान तहकिकातलाई सशक्त बनाउन थप सहयोग पुग्ने आशा गरिएको छ । साथै यस सहमतीले दुई देश बीचको सम्बन्धलाई थप मजबुत बनाएको छ ।

मिति: २०६५।७।१८